छत्रदेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज - अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०६/२५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) र यस गाउँपालिकाको आर्थिक ऐन, २०७७ को अनुसुची-१२ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| सि. नं. | दरभाउपत्र नं. | दरभाउपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम दरभाउपत्र रकम (सेवाशुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | CRM/ARG/IR-01/77-78 | शौर्य (खर्ज्याङ्ग) र सेरी खोला | ५२९७०० | ७०६२४९।०१ | २२,५०० | रु. १००० |
| २ | CRM/ARG/IR-02/77-78 | सिसहार (रिडी) | ११००३।०० | १४६७०२९।९९ | ४६,५०० | रु. १००० |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरकम परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको २.८ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बङ्लादेश बैंक, छत्रगञ्ज शाखामा रहेको धरौटी खाता नं. ०५५०००८४१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त

बाणिज्य बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलवन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३ खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रितपूवर्क पर्न आएका दरभाउपत्र सम्बन्धी कागातहरु पेश गर्ने अन्तिम दिनको १:०० वजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बनधी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा **२०७८ साल श्रावण** मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेण्टी ( परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै दरभाउपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आयने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७ तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानुन तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंक मानिनेछ ।

***(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट*** chhatradevmun.gov.np ***मा समेत हेर्न सकिनेछ ।)***